# खत्याड गाँउपालिका

# स्थानिय राजपत्र

## खत्याड गाँउपालिकाद्धारा प्रकाशित

| खण्ड : १ | संख्या : ८ | मिति : २०७४/५/२७ |
|---|---|---|

# भाग १


### खत्याड गाउँपालिकाको
### वन चौकिदारलाई निर्वाह भत्ता उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७४

(खत्याड गाँउपालिकाको प्रथम गाँउसभावाट मितिः २०७४/०३/३१ मा पारित)

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ र खत्याड गाँउपालिकाको आ.व. २०७४/७५ का लागि स्वीकृत निति तथा कार्यक्रम वमोजिम गाउँ कार्यपालिकाको कार्यालयबाट सामुदायिक वनका वनरक्षकलाई पारिश्रमिक उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७४ वनाउन आवश्यक भएकाले गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को दफा ४ को अधिनमा रही खत्याड गाँउपालिकाको मिति २०७४/०३/३१ को प्रथम गाउसभावाट सामुदायिक वनका वनसंरक्षकलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्वन्धि कार्यविधि २०७४ पारित गरिएको छ ।

## परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "सामुदायिक वनका वनरक्षकलाई पारिश्रमिक उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०७४" रहेको छ ।

यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिका सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "वडाध्यक्ष" भन्नाले खत्याड गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "कार्यकारी अधिकृत" भन्नाले गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(च) "कार्यविधि" भन्नाले खत्याड गाउँपालिकाको " सामुदायिक वनका वनरक्षकलाई समपुरक भत्ता उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०७४" सम्झनुपर्छ ।

(छ) "ऐन" भन्नाले वन ऐन, २०२८ सम्झनु पर्छ ।

(ज) "उपभोक्ता समिति" भन्नाले सामुदायीक वन उपभोक्ता समिति सम्झनु पर्छ ।

(झ) "समुदायिक वन" भन्नाले नियमानुसार स्थानीय समुदायले व्यवस्थापन जिम्मा लिएको सामुदायिक वन सम्झनु पर्छ ।

(ञ) "भत्ता" भन्नाले खत्याड गाँउपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(ट) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ठ) "वन संरक्षक" भन्नाले सामुदायिक वन क्षेत्र भित्र कार्यक्षेत्र रहने गरि समुदायिक वन व्यवस्थापन समितिले नियुक्त गरेको नियुक्त गरेको वन संरक्षक सम्झनु पर्छ ।

३) **कार्यविधिको व्याख्या गाँउपालिकाले गर्ने :**

क) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा सम्वन्धित सरोकारवालालाई कुनै मर्का पर्न गएमा निजले गाँउपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) विनियम ३ (क) को सम्वन्धमा गाँउपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

# परिच्छेद २
# समपुरक भत्ता सम्वन्धि व्यवस्था

४) **समपुरक भत्ता :** (क) खत्याड गांउपालिका क्षेत्रभित्रका कुनै सामुदायीक वनले आफ्नो कार्यक्षेत्र भित्रको सामुदायिक वनको संरक्षण गर्ने हेतुले न्युनतम् सेवा दिई सामुदायिक वन संरक्षकको नियुक्ति गरेको पाईएमा निजलाई यसै कार्यविधिले व्यवस्था गरे वमोजिम न्युनतम् खाईपाई आएको सुविधामा थप हुनेगरि समपुरक भत्ताको व्यवस्था गरिनेछ ।

ख) यसै कार्यविधि अनुसार प्रदान गरिने समपुरक भत्ताको रकम अंङ्क निर्धारण प्रत्येक वर्षको वार्षिक गांउसभाले निर्धारण गरे वमोजिम हुनेछ ।

ग) खत्याड गाँउपालिका क्षेत्रभित्र रहेका प्रत्येक सामुदायीक वन उपभोक्ता समितिवाट नियुक्त गरेका वन संरक्षकले मासिक रुपमा निश्चित प्रकृया पुरा गरिसकेपछि मात्र समपुरक भत्ता पाउनेछन ।

# परिच्छेद - ३
# वन संरक्षकवाट काम कारवाहीको सुनिश्चिता

५) **सामुदायिक वन उपभोक्ता समिति संग समन्वय गरि गांउपालिकाको कार्यालयवाट प्रोत्साहन भत्ताको प्रवाह गर्दा वन संरक्षकवाट देहाए वमोजिमका काम कारवाहीको सुनिश्चिता खोज्नेछ ।**

**क)** सामुदायिक वनक्षेत्र भित्र ऐन नियम विपरित वनजन्य अपराध जस्तो अतिक्रमण, अवैध कटानी, वन पैदावारको अवैध संकलन, र मिचाहा प्रवृतिको अनिवार्य रुपमा नियन्त्रण गर्ने ।

**ख)** सामुदायिक वन उपभोक्ता समितिवाट गरिनुपर्ने वन पैदावार छटान र टाँचा व्यवस्थापनमा सहयोग गर्ने

**ग)** खुल्ला चरिचरन व्यवस्थित गर्दै बँधुवा पशुपालन कार्यलाई प्रोत्साहन गर्न कृषकलाई घांसको वीउ संकलन, बिरुवा उत्पादन तथा वृक्षरोपणको निम्ति सहयोग उपलब्ध गराउने ।

**घ)** सामुदायिक वन उपभोक्ता समितिमा प्राप्त आम्दानीलाई वन संरक्षण, र व्यवस्थापन कार्यमा लगाईने गरि कार्ययोजना वनाउन सामुदायिक वन उपभोक्ता समितिलाई सहयोग गर्ने ।

**ङ)** सामुदायिक वनक्षेत्र भित्र रहेका उच्च मूल्यका, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडीबुटीको पहिचान, दिगो सङ्कलन, र बजारीकरण गर्न समुदायलाई प्रोत्साहन गर्ने ।

**च)** आवास, वाटो, तथा सिंचाई कुलो क्षेत्रमा अनिवार्य रुपले वृक्षारोपण गर्न लगाउने ।

**छ)** कुनै समुदाय, व्यक्ति, फर्म वा समुहले सामुदायिक वनको कार्ययोजना भन्दा वाहिर गई सामुदायिक वन संरक्षण कार्यमा कुनै किसिमको अवरोध गरेको देखिएमा सो को रोकथामका लागि तुरुन्त सामुदायिक वन उपभोक्ता समिति, वडा समिति, गांउपालिकाको कार्यालय र वन कार्यालयलाई लेखि पठाउने ।

**ज)** गांउपालिकाको कार्यालयले दिएको निर्देशन अनुरूप काम गर्ने ।

**झ)** उल्लिखित कार्यहरुको नियमित अनुगमन नगरेमा वा गराउन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित वडा समिति, वडा अध्यक्ष र सामुदायिक वनका अध्यक्ष हुनेछन् ।

## परिच्छेद - ४
## समपुरक भत्ता प्राप्तीका लागि पुरा गर्नुपर्ने सुचकहरु

**७) सामुदायिक वन संरक्षकले समपुरक भत्ता प्राप्त गर्नका लागि चाहिने मासिक सुचकहरु**

(क) सामुदायिक वनक्षेत्र भित्र वन अतिक्रमण, अवैध कटानी, वन पैदावारको अवैध संकलन, र मिचाहा प्रवृतिको अनिवार्य रुपमा नियन्त्रण गर्नेका लागि वनाईएको मासिक कार्ययोजना र अक्त कार्ययोजनामा आधारित प्रगति प्रतिवेदन ।

(ख) बँधुवा पशुपालन कार्यलाई प्रोत्साहन गर्न कृषकलाई घांसको वीउ, बिरुवा तथा वृक्षरोपणका विषयमा स्थानिय समुदाय र सामुदायिक वन उपभोक्ता समिति विच भएका छलफल तथा कार्य प्रतिवेदन

(ग) सामुदायिक वनक्षेत्र भित्र रहेका उच्च मूल्यका, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडीबुटीको तथ्याङ्क संकलन प्रतिवेदन ।

(घ) काठ, वन पैदावार तथा जडिवुटी संकलन तथा ओसार पसारको मासिक प्रतिवेदन ।

(ङ) वन नर्सरी स्थापना, सरकारी तथा निजि जग्गामा वृक्षारोपणको मासिक प्रतिवेदन ।

(च) सामुदायिक वनको मासिक आय व्यय विवरण ।

(छ) सामुदायिक वन संरक्षण कार्यमा गरेको अवरोध र सो को नियन्त्रणका लागि चालिएका कदमहरु ।

(ज) सामुदायिक वनक्षेत्र भित्र रहेका उच्च मूल्यका, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडीबुटीको तथ्याङ्क संकलन प्रतिवेदन ।

**८) रकम भुक्तानी :** १) सामुदायिक वनका संरक्षकले सम्वन्धित सामुदायिक वनका अध्यक्षवाट प्रमाणित प्रतिवेदन र सम्वन्धित वडाको वडा अध्यक्षको शिफारिस सहित प्रत्येक महिनाको अन्तिम दिन (उक्त दिनमा सार्वजनिक विदा परे अघिल्लो दिन) यसै नियमावलिको दफा ७ को उपदफा (क देखि ज) सम्म का सुचकहरुको यर्थात प्रगति विवरण मासिक रुपमा गांउकार्यपालिका समक्ष पेश गर्नेछ ।

२) नियम १० (१) बमोजिम पेश भएको सुचकहरुको यर्थात प्रगति विवरणको स्थलगत पुनरावलोकन गर्ने अधिकार कार्यपालिकामा रहनेछ । पेश गरिएका उक्त प्रतिवेदन उपर पुनरावलोकन गर्न आवश्यक छ भन्ने लागेमा गाँउपालिका अध्यक्ष वा सामाजिक विकास शाखा प्रमुख वा कार्यापालिका सदस्यवाट उक्त प्रतिवेदन उपर पुनरावलोकन गरि राय सहित अन्तिम भुक्तानीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३) उपनियम १० (२) वमोजिम पेश गरिएका प्रतिवेदन उपर पुनरावलोकन गर्दा उक्त प्रतिवेदनहरु गलत सावित भएमा अथवा प्रतिवेदनमा उल्लेख भएनुसारका कार्यहरु सन्तोषजनक रुपमा भए गरेका नपाईएमा अथवा शिक्षा नियमावलि र यसै कार्यविधि अनुरुपका जिम्मेवारी पुरा नगरी झुट्टा विवरण सहितको प्रतिवेदन प्रस्तुत गरेको पाईएमा गाँउपालिका कार्यालय समपुरक भत्ता उपलव्ध गराउन वाध्य हुने छैन ।

४) उपनियम १० (३) वमोजिम पेश भएका प्रतिवेदन उपर पुनरावलोकन गर्दा उक्त प्रतिवेदनहरु गलत सावित भएमा अथवा प्रतिवेदनमा उल्लेख भएनुसारका कार्यहरु सन्तोषजनक रुपमा भए गरेका नपाईएमा अथवा शिक्षा नियमावलि र यसै कार्यविधि अनुरुपका जिम्मेवारी पुरा नगरी झुट्टा विवरण सहितको प्रतिवेदन प्रस्तुत गरेको पाईएमा सम्वन्धमा सम्वन्धित सामुदायिक वनका संरक्षकलाई सफाई पेश गर्ने अधिकारवाट भने वन्चित गरिनेछैन ।

## परिच्छेद ५
## विविध

१०) **जिम्मेवारी हस्तान्त्रण गर्न सक्ने :** (१) सामुदायिक वन संरक्षकले गर्ने जिम्मेवारीका सम्वन्धमा साधारणतया: जिम्मेवारी हस्तान्त्रण गरेको मानिने छैन । निजका तर्फवाट सामुदायिक वनका अध्यक्ष तथा अन्य कुनै सामुदायिक वन उपभोक्ता समितिका सदस्यवाट प्रस्तुत भएको प्रतिवेदन उपर प्रोत्पाहन भत्ता उपलव्ध गराउने प्रयोजनका लागि कुनैपनि कारवाही गरिनेछैन ।

११) **जानकारी गराउनु पर्ने :** सामुदायिक वन संरक्षक कुनै कारणवश: लामो समय सम्म उपस्थित हुन नसक्ने भएमा वा निजको पद रिक्त रहन गएमा यथासक्य त्यसको जानकारी गांउपालिका केन्द्रलाई गराउनुपर्नेछ ।

१२) **पुरस्कार :** गांउपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन संरक्षकले आफु कार्यरत सामुदायिक वन सुधारका लागि प्रसंशनीय काम गरेमा त्यस्तो सामुदायिक वन संरक्षकलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सकिनेछ ।

१३) **दशै खर्च पाउने :** प्रोत्साहन भत्ता प्राप्त गर्ने सामुदायिक वन संरक्षकलाई सो संग जोडिएर दशै खर्च लगाएत अन्य कुनै पनि प्रकारको सेवा सुविधा उपलव्ध गराईनेछैन ।

**१४) बाधा अड्काउ फुकाऊः** खत्याड गाँउपालिका क्षेत्रभित्रका सामुदायिक वन संरक्षकहरुले प्राप्त गर्ने समपुरक भत्ताको सेवा, शर्त, सुविधा र संचालनका सम्वन्धमा यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा वन ऐन निति र नियमावलि मा उल्लेख भएको व्यवस्था बमोजिम हुनेछ ।

**१५) कार्यविधि संशोधन :** यस कार्यविधि माथिको आवश्यक संशोधन खत्याड गाँउपालिकाको गाँउसभाले गर्ने सक्नेछ ।

आज्ञाले,
मणिचन्द्र कार्की
कार्यकारी अधिकृत